## मिति २०८२/०७/१७ गतेको सैनामैना नगर कार्यपालिका वैठकका निर्णयहरु

### निर्णय नं. १

चालु आ.व. २०८२/०८३ को लुम्विनी प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) बाट नेवाः देय दवु सांस्कृतिक तथा कार्यालय भवन निर्माण सैनामैना ४ योजना नगर सभाबाट स्वीकृत भएको । सो कार्यालय भवन निर्माणका लागि सैनामैना ३ मा जग्गा खरिद भएकोले उक्त स्थानमा कार्यालय भवन निर्माण योजना सञ्चालनका लागि नेवाः देय् दवू सैनामैनाबाट माग भएकोले सोही बमोजिम सो योजनाको स्थान सैनामैना नगरपालिका वडा नं. ३ कायम गरी दिन वडा नं. ४ को कार्यालयबाट समेत सिफारिस भई आएकोले वडा नं. ३ हुने गरी स्थान परिवर्तनका लागि लुम्विनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

सैनामैना नगरपालिकाको १५ शैयको अस्पताल सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण कार्य सम्पन्न भइ नगर कार्यपालिकाको मिति २०८१/०४/०१ को निर्णय बमोजिम २०८१ असोज महिनादेखि नगर अस्पताल सञ्चालन भइरहेको । संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट समेत आधारभूत अस्पताल सञ्चालन मापदण्ड, २०८१ बमोजिम मिति २०८२/०४/०१ देखि लागु हुने गरी सञ्चालनमा ल्याउन निर्देशन समेत दिईएको । उक्त १५ शैयाको अस्पताल नगरपालिकाको आफ्नै श्रोतबाट व्यवस्थापन गरी आधुनिक स्वास्थ्य उपकरण र दक्ष जनशक्ति सहित सेवा प्रवाह गर्न कठिनाई भएकोले अस्पतालको सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन यथाशीघ्र छिटो नगर अस्पताल सञ्चालन खर्च उपलव्ध गराइदिन संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

यस नगरपालिकामा सञ्चालित **Urban Resilience and Livability Improvement Project**, URLIP कार्यक्रमको लागि सैनामैना नगरपालिका वडा नं. ४ मा रहेको साविक पर्रोहा स्वास्थ्य चौकी भवनमा कार्यालय स्थापना गर्ने । सो भवनमा रंग रोगन, विद्युतिकरण लगायतका अत्यावश्यक मर्मत सम्भार सम्वन्धी कार्य गर्नका लागि आवश्यक रकम मर्मत सम्भार कोषवाट विनियोजन गर्ने निर्णय गरियो ।

### निर्णय नं. ४

मिति २०८२/०६/२४ को निर्णय अनुसार नगर कार्यपालिका कार्यालय भवन मर्मतका लागि मर्मत सम्भार कोषवाट खर्च गर्ने गरी प्रकृया अगाडि बढाइएकोमा सोको समर्थन गर्ने निर्णय गरियो ।

तुलसीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

## मिति २०८२/०७/१७ गतेको सैनामैना नगर कार्यपालिका वैठकका निर्णयहरु

सैनामैना नगरकार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

### निर्णय नं. ५

महेरवादेवि आधारभूत विद्यालय सैनामैना ११ को मिति २०८२/०५/२९ को पत्रबाट सो विद्यालयको दुइ कोठे भवन (दोस्रो तला) निर्माणका लागि विद्यालयले मिति २०४१ साल देखि अन्दाजी ८-०-० विगाहा भोग चलन गर्दै आएकोले भोग चलन अनुमति सिफारिस गरी दिन लेखि आएको । सैनामैना नगरपालिका ११ नं. वडा कार्यालयको च.नं. २२६ मिति २०८२/०५/२२ को पत्रबाट समेत सो विद्यालयले अन्दाजी ८-०-० विगाहा जग्गा २०४१ सालदेखि नै प्रयोग गरिरहेको व्यहोरा लेखि आएको । उक्त विद्यालयको पहिलो तला विगतमा नै निर्माण भइ उपयोग समेत भइरहेको हुँदा दुई कोठे भवन (दोस्रो तला) निर्माणका लागि प्रकृया अगाडि बढाइदिन सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

### निर्णय नं. ६

जनज्योति आधारभूत विद्यालय सैनामैना ११ को च.नं. ११ मिति २०८२/०७/१६ को पत्रबाट सो विद्यालयको दुई कोठे अधुरो भवन निर्माण सम्पन्न गर्नका लागि विद्यालयले मिति २०४३ साल देखि अन्दाजी ६-१०-० विगाहा भोग चलन गर्दै आएकोले भोग चलन अनुमति सिफारिस गरी दिन लेखि आएको । सैनामैना नगरपालिका ११ नं. वडा कार्यालयको च.नं. ४९८ मिति २०८२/०७/१७ को पत्रबाट समेत सो विद्यालयले अन्दाजी ६-१०-० विगाहा जग्गा २०४३ सालदेखि नै प्रयोग गरिरहेको व्यहोरा लेखि आएको । उक्त विद्यालयको विगतमा नै निर्माण कार्य शुरु भइ सकेको हुँदा सोहि स्थानमा अधुरो भवन निर्माणका लागि प्रकृया अगाडि बढाइदिन सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

### निर्णय नं. ७

सैनामैना नगरपालिका वडा नं. ४ को कार्यालयको प.सं. ०८२/८३ च.नं. ७५३ मिति २०८२/०६/१७ को पत्रबाट सोही वडाको संगमटोलमा रहेको मगर वहुउद्देश्यीय भवन नेपाल मगर संघ सैनामैना नगर समितिको आफ्नै स्वामित्वमा रहेको सो जग्गा ऐलानी रहेको र हाल भूमि समस्या समाधान आयोगबाट नाँप जाँच प्रकृया भइ जग्गाधनी पूर्जा प्राप्त गर्ने प्रकृयामा रहेको र शहरी विकास तथा भवन डि. कार्यालयबाट अधुरो भवन निर्माण लागि रु. १० लाख विनियोजन भएकोले सो वहुउद्देश्यीय भवन निर्माणका लागि नेपाल मगर संघ सैनामैना नगर समितिको स्वामित्वमा रहेको व्यहोरा सिफारिस गरी दिन लेखि आएकोमा सो संस्थाको वहुउद्देश्यीय भवन विगतमा नै निर्माण भएको र अधुरो भवनमा थप निर्माण कार्य गरिने भएकोले सो योजना कार्यान्वयनका लागि सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner

## मिति २०८२/०७/१७ गतेको सैनामैना नगर कार्यपालिका वैठकका निर्णयहरु

सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

### निर्णय नं. ८

सैनामैना नगरपालिका अन्तरगतका तपसिल बमोजिका स्थानहरुको लागि पेश भएका प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) सैनामैना नगरपालिकाको संक्षिप्त वातावरणीय परीक्षण अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा ७ को उपदफा ४ बमोजिम स्वीकृति गर्ने निर्णय गरियो ।

१. सैनामैना नगरपालिका वडा नं. ६, ७, ९ र ११ अन्तरगतको सरकारी ऐलानी तथा नीजि जग्गाबाट वातावरणमैत्री तवरले माटो उत्खनन तथा संकलन कार्य ।
२. सैनामैना नगरपालिका वडा नं. १ स्थित नेपाल सामुदायिक योग तथा प्राकृतिक चिकित्सा केन्द्रको भोगाधिकार स्वामित्वमा रहेको जग्गाबाट निर्माण जन्य पदार्थ व्यवस्थापन कार्य।

### निर्णय नं. ९

यस नगरपालिकामा इन्टरनेट सेवा उपलब्ध गराउन श्री वेभ नेटवर्कस प्रा लि तिलोत्तमा ४ रुपन्देहीसँग मिति २०८२ असोज मसान्तसम्म सम्झौता गरिएकोमा सम्झौताका शर्त बमोजिम नै सेवा निरन्तरता दिन सो सम्झौताको अवधि २०८३ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

### निर्णय नं. १०

चालु आ.व. २०८२/८३ मा लागत साझेदारीमा योजना सञ्चालन गर्न विनियोजित बजेट सीमा भित्र रही योजना छनौटका लागि रु. १० लाखमा नबढ्ने गरी योजना माग गर्न सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

तुल्सीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CS CamScanner